**मिति २०८०।०९।२४ गते बसेको निस्दी गाउँपालिकाको ४८ औं गाउँ कार्यपालिका बैठकको प्रस्तावहरु**

१. गत कार्यपालिकाको निर्णय समिक्षा सम्बन्धमा।

२. गाउँ सभाको १४ औ अधिवेशनमा प्रस्ताव पेश सम्बन्धमा।

क ) आ.व २०८०।०८१ को स्विकृत बार्षिक बजेट तथा कार्यक्रमका आयोजना तथा कार्यक्रम रकमान्तर सम्वन्धमा

ख) शिक्षा विधेयक पेश गर्ने सम्बन्धमा।

ग) अनुगमन समिति तथा न्यायिक समितिको प्रतिवेदन सभामा छलफलका लागी पेश गर्ने सम्वन्धमा।

घ) २०७८।०७९ को लेखा परिक्षण प्रतिवेदन माथि छलफल सम्वन्धमा।

ङ) आ .व २०८०।०८१ का राजश्वका दरहरु संसोधन सम्बन्धमा।

३. विभिन्न बिधा क्षेत्रका व्यक्ति / संस्थालाइ सम्मान गर्ने सम्वन्धमा।

४. मुख्य प्रशासनिक भवन ठेक्का सम्वन्धमा।

५. विविध।

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

CamScanner

**मिति २०८०।०९।२४ गते बसेको निस्दी गाउँपालिकाको ४८ औं गाउँ कार्यपालिका बैठकको निर्णयहरु**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो । गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनमा गइरहेको पाइयो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा गाउँ सभाको १४ औ अधिवेशनमा तपसीलको प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

क ) आ.व २०८०।०८१ को स्विकृत बार्षिक बजेट तथा कार्यक्रम अन्तर्गतका आयोजनालाइ रकमान्तर तथा संसोधन गर्ने सम्वन्धमा ।

ख) शिक्षा विधेयक पेश गर्ने सम्बन्धमा ।

ग) अनुगमन समिति तथा न्यायिक समितिको प्रतिवेदन सभामा छलफलका लागी पेश गर्ने सम्वन्धमा ।

घ) २०७८।०७९ को लेखा परिक्षण प्रतिवेदन छलफलका लागी पेश गर्ने सम्वन्धमा ।

ङ ) आ .व २०८०।०८१ का राजश्वका दरहरु संसोधन सम्बन्धमा ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा निस्दी गाउँपालिकाको मापदण्ड बमोजिम विभिन्न विधा र क्षेत्रमा उत्कृष्ठ छनौट गरिएका ब्यक्ति/संस्थालाइ गाउँसभाको १४ औ अधिवेशनको उपलक्ष्यमा नगद रु १०हजार /२० हजार सहित सम्मान गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा मिति २०८०।०९।२० गतेको गाउँकार्यपालिका बैठकको निर्णय नं ६ अनुसार निर्माणाधिन प्रशासनिक भवनको हकमा A.P.G जफत नगर्ने निर्णय भएकोमा निर्माण ब्यवसायीले १ हप्ता भित्र उक्त भवनको अवरुद्द निर्माण कार्य सुचारु नगरेमा उक्त JV बाट पेश गरिएको A.P.G जफत गर्न गाउँ कार्यपालिकाको कार्यालयलाइ निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा निस्दी खेलकुद विकास समितिलाइ निस्दी गाउँपालिकाको प्रतिनिधित्व गरि रण उज्वेश्वरि भलिवल प्रतियोगितामा सहभागी भइ प्रथम स्थान हाँसिल गरेकोमा प्रोत्साहन स्वरुप रु २०००० प्रदान गर्ने निर्णय गरियो ।

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

ध्रुव दयाल
प्रमुख प्रशासकीय अधिकृत